माघ २०, २०७६
गछिया, मोरङ्ग ।

नेपालका ग्रामीण क्षेत्रमा रहेका विपन्न बर्गका समुदाय माझ बिना धितो लघु कर्जा तथा लघु उद्यम कर्जा प्रवाह साथै बचत परिचालन गरि आर्थिक स्तरोन्नती गराउन यस बित्तिय संस्थाको भुमिका महत्वपुर्ण रहेदै आएको छ। यस संस्थाबाट प्रदान गरिएको लघुवित्त कार्यक्रमलाई झन प्रभावकारी रूपमा सञ्चालन गर्दै ग्राहक सदस्यहरू संगको बित्तिय कारोबार अझ दिगो, बिश्वसनीय,परिणाममुखी तथा पारदर्शि बनाउनका लागि गुणस्तरिय सेवा प्रदान गर्न जरूरी छ त्यसैले लघुवित्त सेवा प्रदान गर्न कार्यस्थलमा प्रत्यक्ष रूपमा सदस्यहरूसंग सरोकार राख्ने फिल्ड कर्मचारीहरूको क्षमता अभिबृद्धि गरी ग्राहक सदस्यहरूलाई सरल, सहज लघुवित्त सेवा प्रवाह गरी संस्था र ग्राहक सदस्यहरू विचको दिर्घकालिन सेवा सञ्चालनको सम्बन्ध विस्तार गर्नु नै प्रमुख उद्धेश्य रहेको ले डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आयोजनामा मिति २०७६ माघ १८ देखि १९ गते सम्म प्रदेश नं ०१ को कार्यालय गछिया, मोरङ्ग अन्तरगतका शाखा कार्यलयहरूका कनिष्ठ सहायकहरू लाई अभिमुखीकरण सम्बन्धी होटेल गोकर्ण रिसोर्ट एण्ड पार्टि प्यालेस सुन्दरहरैचा,मोरङ्ग मा २ दिने तालिम संचालन गरिएको थियो ।



उक्त कार्यक्रम मा प्रदेश नं ०१ का प्रदेश प्रमुख श्री राजेश थापाद्वारा लाई स्वागत मन्तब्य राख्नुभएको थियो साथै यस वित्तिय संस्थाका मानब संसाधन तथा तालिम बिभागका अधिकृत सुबास चन्द्र दाहाल लगायत सो प्रदेशका अनुगमन अधिकृत सुर्य बहादुर बिष्ट द्वयले उक्त प्रदेश अन्तरगत का शाखा कार्यलयका कनिष्ठ कार्यक्रमहरू जम्मा २६ जनालाई डिप्रोक्स लघुवित्त का पद्धतीहरू, गुणस्तरीय केन्द्र संचालनमा देखिएको समस्याको समाधान, धितो कर्जा लगानी प्रक्रिया, कर्जा गुणस्तर कायम गर्न कर्जा प्रस्ताव घरधुरी तथा परियोजना निरीक्षण, एकाघरका साक्षीको आवश्यकता बारेमा, कर्जा भाखा नाघ्नुको कारण , भाखा नाघेको कर्जा असुली प्रकृयाहरू, फिल्ड कर्मचारीहरूको काम कर्तव्य र अधिकार बारे तालिम प्रदान गर्नु भएको थियो ।